# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश , नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
info@mandavimun.gov.np
Email mandavimun2073@gmail.com


## सहीद परिवारको मागमा आधारित अध्यक्ष सँग सहीद कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९/१०/२२**

माण्डवी गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अध्यक्ष सँग सहीद परिवार कार्यक्रम संचालन प्रयोजनार्थ कृषि तथा पशु सेवा तर्फ आय आर्जनमा वृद्धि हुने तपशिलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले गाउँपालिकाका इच्छुक सुचिकृत सहीद परिवारहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति२०७९/११/०७ गते भित्र) यस कार्यालयमा तपशिल अनुसारका कागजातहरु संलग्न राखि विवरण आवेदन सहित प्रस्ताव पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.स | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १. | ऊन्नत जातका बाखा /बाखाको खोर निर्माण कार्यक्रम | उन्नत जातका बाखा उत्पादनमा टेवा पुर्याउन तथा प्रवर्धन गर्न ऊन्नत जातका बाखा /बाखाको खोर निर्माण कार्यक्रममा अनुदान सहयोग | उन्नत जातका बाखा खरिद तथा खोर निर्माणमा अनुदान दिइनेछ । स्थल प्राविधिक, भौगोलिक तथा दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ । गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनुपर्ने । न्युनतम ३ वटा माउ बाखा पालन गरेको हुनुपर्ने । | माण्डवी गाउँपालिका अन्तर्गत ५ वटै वडाहरुमा | कम्तिमा कुल लागतको ८५% अनुदान |
| २. | तरकारी खेति प्रवर्धन कार्यक्रम | तरकारीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न तथा तरकारी उत्पादनमा आत्मनिर्भर हुन तरकारी उत्पादन प्रवर्धन कार्यक्रमका लागि बिउ, प्लाष्टिक टयांकी, मल्चीङ्ग प्लाष्टिकमा अनुदान | कम्तिमा १ रोपनी जग्गामा तरकारी खेति गरेको/गर्न सक्ने, स्थल प्राविधिक, भौगोलिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ । खेतीयोग्य तथा सिंचाई योग्य जमिन हुनुपर्ने । | माण्डवी गाउँपालिका अन्तर्गत ५ वटै वडाहरुमा | कम्तिमा कुल लागतको ८५% अनुदान |
| | मसला बालि (अदुवा/बेसार) प्रवर्धन कार्यक्रम | अदुवा र बेसार खेति प्रवर्धनका लागि मसला बालि (अदुवा/बेसार) खरिद र ज्यामी खर्चमा अनुदान सहयोग | कम्तिमा २ रोपनी जग्गामा मसला बालि (अदुवा/बेसार) गरेको/गर्न सक्ने, स्थल प्राविधिक, भौगोलिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ । खेतीयोग्य तथा सिंचाई योग्य जमिन हुनुपर्ने । | माण्डवी गाउँपालिका अन्तर्गत ५ वटै वडाहरुमा | कम्तिमा कुल लागतको ८५% अनुदान |
| ३ | लोकल कुखुरा प्रवर्धन कार्यक्रम | लोकल कुखुरा उत्पादन तथा प्रवर्धन कार्यक्रमका लागि कुखुरा खरिद र खोर निर्माण अनुदान सहयोग | प्रति कृषक ५० वटा माउ कुखुरा भएको हुनु पर्नेछ। बाजार र बस्ती क्षेत्रभन्दा ५०० मिटरको दुरीमा बाताबरण प्रदुषण नहुने गरी खुल्ला ठाउमा संचालन गर्नुपर्नेछ । गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनुपर्ने । | माण्डवी गाउँपालिका अन्तर्गत ५ वटै वडाहरुमा | कम्तिमा कुल लागतको ८५% अनुदान |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. निवेदन ।
२. डिजाइन तथा लागत अनुमान सहित विस्तृत प्रस्ताव ।
३. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको फोटोकपी ।
४. सम्बन्धित कृषि विकास तथा पशुपन्छी विकास शाखाको सिफारिस ।

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

६. प्रस्तावकको प्रतिबद्धता पत्र ।

७. व्यवसाय संचालन हुने स्थानको जग्गाको लालपुर्जा वा जग्गा भाडा लिएको भए कम्तिमा ५ वर्ष सम्म करार सम्झौता पत्र ।

८. माग गरिएका क्रियाकलापहरु लागत अनुमानित खर्च पेश गर्नुपर्नेछ ।

९. नोटः थप जानकारीको लागि माण्डवी गाउँपालिका पशु सेवा शाखा/कृषि विकास शाखा देवीस्थान प्यूठानमा सम्पर्क गर्नुहुन । (९८५७८२०१६४, ९८६७९५३६६२)

..................

प्रकाश पाण्डे

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत